# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,
लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

| खण्ड १ | अंक: १ | फाल्गुन, ०४ गते २०८० साल | (संख्या: ०३) |
|---|---|---|---|

### भाग-१

नगरसभाको मितिः २०८०/१०/२६ मा स्वीकृत भएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

बर्दघाट प्रज्ञा प्रतिष्ठानको स्थापना तथा सञ्चालन गर्न बनेको (पहिलो संशोधन) ऐन, २०७६

१. बर्दघाट प्रज्ञा प्रतिष्ठानको स्थापना तथा सञ्चालन गर्न बनेको (पहिलो संशोधन) ऐन, २०७६ भन्ने शव्दहरुको सट्टा बर्दघाट प्रज्ञा प्रतिष्ठानको स्थापना तथा सञ्चालन गर्न बनेको (पहिलो संशोधन) ऐन, २०८० रहेको छ

२. मूल ऐनको देहायका दफा मा संशोधनः "

१. दफा २ (ज) मा भएको "अध्यक्ष" भन्ने शव्दहरुको सट्टा "कुलपति" भन्ने शव्दहरु राखिएको छ

२. दफा २ (झ) मा "उपाध्यक्ष" भन्ने शव्दहरुको सट्टा "उपकुलपति" भन्ने शव्दहरु राखिएको छ ।

३. दफा २ (ञ) मा "सचिव" भन्ने शव्दहरुको सट्टा "सदस्य सचिव" भन्ने शव्दहरु राखिएको छ ।

४. दफा २ (ट) मा "कोषाध्यक्ष" भन्ने पद हटाइएको छ ।

५. दफा २ मा "नगरपालिकामा रहनेछ" भन्ने शव्दहरुको सट्टा "नगरपालिकाले तोकेको ठाउँमा रहनेछ" भन्ने शव्द राखिएको छ ।

६. दफा ७ (२) (घ) मा "५०" भन्ने अंकको सट्टा "५१" भन्ने अंक राखिएको छ ।

७. दफा ११ (२) मा " परिषदको अध्यक्ष लगायतका पदाधिकारीहरुको मनोनयन सभका सदस्यहरु मध्येबाट प्रमुखबाट गरिनेछ" भन्ने पदावलिको सट्टा "परिषदको कुलपति र सदस्य सचिवको मनोनय सभा घोषणा हुनुपूर्वनै प्रमुखद्धारा गरिनेछ " भन्ने पदावलि राखिएको छ

८. दफा (२०) मा "निजमा कार्यक्षमताको अभाव भएको र तीनवटा बैठकमा बिना जानकारी अनुपस्थित भएमा" भन्ने शव्दहरु थप गरिएको छ ।

९. दफा (२४) को देहायको अनुसूची १ को सट्टा

२०८०।११।०४
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १
(दफा २४ संग सम्बन्धित शपथ)

म.......................................सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु कि बर्दघाट प्रज्ञा प्रतिष्ठानको ...................पदमा मलाई दिइएको जिम्मेवारी तन,मन र वचनले दत्तचित्त भई इमान्दारीपूर्वक पूरा गर्नेछु । यस क्षेत्रको भाषा, कला, साहित्य र संस्कृतिको सृजना, श्रीवृद्धि, संवद्र्घन, संरक्षण र सङ्कलनका लागि प्रतिबद्ध रही आँनो अमूल्य समय, शक्ति र सीप समर्पित गर्नेछु ।

नाम/थर:

पद:

दस्तखत:

मिति:

देहायको अनुसूची १ को नयाँ अनुसूची राखिएको छ ।

अनुसूची १
(दफा २४ संग सम्बन्धित शपथ)

म.......................................सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु कि बर्दघाट प्रज्ञा प्रतिष्ठानको ...................पदमा मलाई दिइएको जिम्मेवारी तन,मन र वचनले दत्तचित्त भई इमान्दारीपूर्वक पूरा गर्नेछु । यस क्षेत्रको भाषा, कला, साहित्य र संस्कृतिको सृजना, श्रीवृद्धि, संवद्र्घन, संरक्षण र सङ्कलनका लागि प्रतिबद्ध रही आँनो अमूल्य समय, शक्ति र सीप समर्पित गर्नेछु ।

नाम थर:

पद:

दस्तखत:

मिति:

३. दफा (२७) मा "फकाउ" भन्ने शव्दहरुको सट्टा "फुकाउ" भन्ने शव्द राखिएको छ ।

आज्ञाले
..............................
प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत